## <u>१०० दिनमा भएका प्रमुख कार्यहरु</u>

१. २२३ रिक्त तथा निमित्तको भरमा रहेका पालिकामा प्रमुख प्रशासकिय अधिकृत पठाइएको

२. सहकारीका १७५४ साना बचतकर्ताको २ करोड ६३ लाख रकम फिर्ता गरिएको

३. १५४ जना ऋणीबाट रु. ४,३२,८२,३१०।७३ ऋण असुली भएको

४. भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई २९ वटा लालपुर्जा वितरण

५. ६ वटा स्थानीय तहबाट नापी र मालपोत सम्बन्धी सेवाहरुको शुरुवात

६. वडा स्तरबाट डिजिटल सिफारिस गर्ने software प्रणाली निर्माण गरी परिक्षणको चरणमा रहेको।

७. कर्मचारी ट्रेड युनियनको व्यवस्था हटाइएको

८. बालुवाटार स्थित प्रधानमन्त्री निवास रहेको जग्गा नेपाल सरकारको नाममा ल्याइएको

९. मालपोत र नापी कार्यालयमा सेवाग्राही बाहेक अनाधिकृत व्यक्ति प्रवेशमा रोक लगाइएको

१०. तीनवटा प्रदेश (बाग्मती, गण्डकी र मधेस) मा निजामती अस्पतालको सेवा विस्तार

११. सिंहदरवार परिसरबाट निजामती अस्पतालको सेवा एकाई स्थापना गरी सेवा शुरु

१२. कर्मचारीको सरुवा अनिवार्य अनलाईन प्रणाली मार्फत मात्र

१३. किताबखानाको पूर्ण डिजिटल प्रणाली शुरु- निजामती कर्मचारीको विवरण अनलाइनबाट हेर्न तथा अध्यावधिक गर्न सकिने

१४. अध्ययन तथा असाधारण विदामा गई सम्पर्कमा नआएका २ जना तथा विदेशी आवासीय अनुमति (DV,PR,TR) लिएका ६ जना कर्मचारीलाई निजामती सेवामा अयोग्य ठहरिने गरी कारवाही शुरु

१५. जग्गा रोका फुकुवा बैङ्कबाटै, मालपोत धाउन नपर्ने

१६. मेरो कित्ता मोबाइल एप सार्वजनिक - नक्सा प्रिन्ट देखि फिल्डबुक उत्तार सम्मका कार्य मोबाइलबाटै- हालसम्म ४७७९ संस्थागत प्रयोगकर्ता तयार भई सेवा प्रवाह भईरहेको

१७. रावल आयोग प्रतिवेदन कार्यान्वयनमा, सम्पुर्ण जग्गा हक हस्तान्तरण नहुने गरी रोक्का

१८. सहकारीमा भएको बेथिती छानवीन आयोगको प्रतिवेदन कार्यान्वयनमा, संलग्न कर्मचारीलाई स्पष्टिकरण सोधिएको

१९. ससरीको राजविराज स्थित बिटौरी जग्गाको विवाद समाधान गर्न समिति गठन भई प्राप्त प्रतिवेदन कार्यन्वयनमा

२०. विगतमा भोगाधिकार लिई लिजमा परिणत नगरेका देशै भरीका सम्पुर्ण संघ सस्थाहरुलाई लिजमा परिणत गर्न आह्वान

२१. निजामती सेवा विधेयक मस्यौदा तयार

२२. स्थानीय तहको बजेट निर्माणमा सहजीकरण गर्न स्थलगत टोलि खटाइएको र जसबाट २१ बाहेक अन्य सबै स्थानीय तहले समयमै बजेट ल्याउन सफल

२३. सेवा सहजीकरणमा युवा परिचालन गर्न कार्यविधिको मस्यौदा तयार

२४. सहकारी (पहिलो संसोधन) अध्यादेश २०८३ प्रतिनिधिसभाबाट स्वीकृत

२५. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत

२६. जग्गा (नाप जाँच), भूमि र सहकारी सम्बन्धी नयाँ विधेयकको मस्यौदा तयार

२७. नेपाल प्रशासनिक प्रशिक्षक प्रतिष्ठानको कार्यकारी निर्देशक र गुठी संस्थानको प्रशासक नियुक्तिको छुट्टाछुट्टै मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिएको

२८. स्थानीय सरकार सञ्चालन ऐनको संशोधन विधेयकको मस्यौदा तयार गरिएको

२९. संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड स्वीकृत गरिएको

३०. स्थानीय तहहरूको सेवाप्रवाहको गुणस्तर प्रमाणीकरण मापदण्ड स्वीकृत गरिएको

३१. गाउँपालिका तथा नगरपालिका र वडाहरूको सिमाना हेरफेर, एकिकरण तथा वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड तयार

३२. मन्त्रालय र मातहतका निकायका कर्मचारी र स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतको आचारसंहिता तर्जुमा गरी लागू गरिएको

३३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी १६२० जनाको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण गरिएको।

३४. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत र स्थानीय जनप्रतिनिधिहरूको बीचमा देखिएको समस्या समाधान गर्न उच्चस्तरीय सहजिकरण तथा समन्वय संयन्त्र निर्माण।

३५. मन्त्रालयको शाखागत कार्यविवरणको आधारमा प्रमुख कार्यसम्पादन सूचकहरू (key performance indicators) तयार गरिएको। अन्य मन्त्रालय तथा निकायका लागि प्रमुख कार्य सम्पादन सुचकको ढाँचा तर्जुमा गरी उपलब्ध गराइएको।

३६. मन्त्रालयसँग सम्बन्धित गुनासो दर्ता र फर्छ्यौटको अवस्था ट्र्याकिङ गर्न सक्ने गरी अनलाइन पोर्टल कार्यान्वयनमा ल्याइएको।

३७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण हेर्न मिल्ने गरी डिजिटल ड्यासबोर्ड तयार गरिएको

३८. बचत फिर्ता र ऋण असुलीको विवरण हेर्न मिल्ने गरी सहकारीको ड्यासबोर्ड तयार

३९. जग्गा नापजाँच सम्बन्धी सेवाका लागि अनलाइन Appointment लिन सक्ने प्रणाली कार्यान्वयमा ल्याइएको।

४०. ऋणीको ऋण दायित्व गणनाको लागि ऋण गणना व्यवस्थापन प्रणाली (LCMS) को विकास गरिएको

४१. निजामती कर्मचारीहरुको विस्तृत डिजिटल प्रोफाइल तयार गर्न कर्मचारी व्यवस्थापन सुचना प्रणाली (PMIS) को खाका (Architecture) तयार गरी कार्यान्वयनको क्रममा रहेको।

४२. मन्त्रालयका कुनै पनि कार्यक्रम होटल र रिसोर्टमा संचालन गर्नमा रोक लगाइ, सबै कार्यक्रम मन्त्रालयको हलमा गरिएको

४३. मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरिएको । अन्य मन्त्रालय तथा निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यमा समन्वय गरिएको।

४४. जग्गा अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) लाई राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) मा अन्तर-आवद्धता कायम गर्न परिक्षणको कार्य भैरहेको ।

४५. भू-सूचना प्रणाली (NeLIS) र भूमि प्रशासन कार्यालयमा संचालनमा रहेको LRIMS प्रणालीमा अन्तरआवद्धता कायम गर्न परिक्षण कार्य सम्पन्न।

४६. भूमि ब्यवस्थापन विभाग र Nepal Clearing House Limited (NCHL) बीच MOU गरी भूमि प्रशासन सम्बन्धी कारोवारको अनलाईन पेमेण्ट शुरु गरिएको ।

४७. जग्गा पहिचान नम्बर (LIN) को आधारमा जग्गाको बिवरण नागरिक एपमा हेर्न सक्ने व्यवस्था गरिएको।

४८. मन्त्रालयको प्रमुख कार्यसम्पादन सूचकहरू (key performance indicators) तयार गरिएको। अन्य मन्त्रालय तथा निकायका लागि प्रमुख कार्य सम्पादन सुचकको ढाँचा तर्जुमा गरी उपलब्ध गराइएको।